छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोपगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

आ.व.०८१।८२

२०८१/११/११
रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत

बैठक नं १६

समयः दिनको २:०० बजे

मितिः२०८१/११/११

यस गाउँपालिकाका गाउँकार्यापालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेय ज्युको अध्यक्षता तथा तपशिल वमोजिमका कार्यापालिका पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको वैठक वसि निम्न अनुसारको प्रस्ताव माथी छलफल गरी देहाय अनुसारका निर्णय गरियो ।

तपशिल

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम प्रसाद पाण्डेय | गाउँपालिका अध्यक्ष | | |
| २. | श्री सावित्रा ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | | |
| ३. | श्री घनश्याम. न्यौपाने | वडा नं १ वडा अध्यक्ष | | |
| ४. | श्री नरेन्द्र वहादुर पल्ली | वडा नं २ वडा अध्यक्ष | | |
| ५. | श्री तेजकान्त अर्याल | वडा नं ३ वडा अध्यक्ष | | |
| ६. | श्री गुणाकर ज्ञवाली | वडा नं ४ वडा अध्यक्ष | | गाउँकार्यपालिका प्रवक्ता |
| ७. | श्री वीरवहादुर सोमै | वडा नं ५ का.वा.वडा अध्यक्ष | | |
| ८. | श्री नारायण रेश्मी | वडा नं ६ वडा अध्यक्ष | | |
| ९. | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | | |
| १०. | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११. | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | | |
| १२. | श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य | | |
| १३. | श्री चन्द्र वहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४. | श्री राम वहादुर वि.क. | कार्यपालिका सदस्य | | |
| १५. | श्री रुद्रहरि पुरी | सदस्य सचिव | | |

अन्य उपस्थितीहरू

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरि टण्डन | योजना तथा अनुगमन शाखा प्रमुख | |
| २ | पुस्कर खनाल | पूर्वाधार विकास शाखा प्रमुख | |
| ३ | सन्तोष जि.सी. | लेखा अधिकृत | |
| ४ | सावित्रा पाण्डे भण्डारी | ना.सु. | |

मिति २०८१/११/११ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु

**प्रस्तावनाहरु:**

| क्र.स | कार्यसुचीको विषय | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकका निर्णय कार्यन्वयन समिक्षा सम्बन्धमा । | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| २ | योजना अनुगमन समितिको प्रतिवेदन पेश गर्ने सम्बन्धमा | अध्यक्षज्यूको अनुमतिमा योजना शाखा प्रमुखबाट | |
| ३ | समपुरक र विशेष अनुदानको लागि योजना छनौट सम्बन्धमा | अध्यक्षज्यूबाट | |
| ४ | डोजर चालकको सेवा सर्त र सुविधाको सम्बन्धमा | अध्यक्षज्यूको अनुमतिमा प्रशासन योजना तथा अनुगमन शाखाबाट | |
| ५ | छत्रकोट गाउँपालिकामा इन्धन, सवारी साधनको प्रयोग, मर्मत सुविधाको व्यवस्थित प्रयोगका लागि गठित कार्यदलको प्रतिवेदन सम्बन्धमा | अध्यक्षज्यूको अनुमतिमा प्रशासन योजना तथा अनुगमन शाखाबाट | |
| ६ | मगर दिवश मनाउने सम्बन्धमा | अध्यक्षज्यू बाट | |
| ७ | फोहोरमैला व्यवस्थापन आयोजना सम्बन्धमा | अध्यक्षज्यू बाट | |
| ८ | नदिजन्य पदार्थ निकाशी सम्बन्धमा | अध्यक्षज्यूबाट | |
| ९ | सरस्वती मा.वि भेंडुवा घेराबार पुन:निर्माण सम्बन्धमा। | अध्यक्षज्यूबाट | |

**निर्णयहरु:**

१. छत्रकोट गाउँपालिका गाउँकार्यपालिका मिति २०८१ माघ २५ गते बसेको बैठकको निर्णय कार्यन्वयनको अवस्था बारेमा समिक्षा गरियो, निर्णय कार्यन्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

२. छत्रकोट गाउँपालिका गाउँपालिका स्तरीय आयोजना अनुगमन समीतिले देहायका आयोजना अनुगमन गरी काम समयमै तोकिएको गुणस्तर अनुसार काम सम्पन्न गर्न निर्देशन गरेको पाइयो ।

अनुमगन समितिले माघ महिनामा अनुगमन गरेका योजनाहरु

क. Upgrading of Birbas koldhari Barjiya Jherdi Sisne Road (Guntung Pllikot Section) To Blacktop Standard

ख. Upgrading of Pipalneta Digam Dharampani Mankot Gairikhutta (Hardineta Section) to Black Topped

ग. Upgrading of Guntung Jherdi Sisne Road

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

२०८१।११।११ रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत

घ. Upgrading of Lumchha Satmure Road (Lumchha Chaupari Section) To Black Topped standard

३. आ.व. २०८२/०८३ मा संचालन हुने गरी संघिय समपुरक र संघिय विशेष आयोजना देहाय अनुसार छनौट गरी राष्टिय योजना आयोग समक्ष पेश निर्णय गरियो ।

**संघिय समपुरक आयोजना:**

| क्रस | योजनाको नाम | स्थान | लागत अनुमान | | कार्यन्वयन अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | संघिय सरकार | गाउँपालिका | | |
| १ | हर्दिनेटा दर्लाम देखी बडडांडा हुदै खर्ज्याँग वडा कार्यालय सम्म मोटरबाटो कालोपत्रे | छत्रकोट ३ र ५ | २ करोड ७० लाख | १ करोड ८० लाख | १ वर्ष | प्राथमिकीकरण नं. १ |
| | | | जम्मा ४ करोड ५० लाख | | | |
| २ | दिगाम कालिकानगर देखी मौलिपुर सम्म मोटरबाटो कालोपत्रे | छत्रकोट ४ | १ करोड ५० लाख | १ करोड | १ वर्ष | प्राथमिकीकरण नं. २ |
| | | | जम्मा २ करोड ५० लाख | | | |

**संघिय विशेष योजना**

| क्रस | आयोजनाको नाम | लागत अनुमान | कार्यन्वयन अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | खर्ज्याँग स्वास्थ्य चौकी भवन निर्माण | ३० लाख | १ वर्ष | क्रमागत योजना अन्तिम वर्ष |
| २ | डिजिटल विद्यालय कार्यक्रम | ३ करोड | १ वर्ष | प्राथमिकता नं. १ |
| ३ | छत्रकोट गाउँपालिका स्वास्थ्य सस्था गुणस्तर सुधार तथा पोषणमैत्री स्थानीय शासन अवलम्बन | १ करोड ६३ लाख ६२ हजार | १ वर्ष | प्राथमिकता नं. २ |

CamScanner

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

२०८१।११।११ रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत

४. छत्रकोट गाउँपालिकाको ब्याक हो लोडर चालक पदमा मिति २०८१ फाल्गुन ५ गते प्रयोगात्मक र अन्तरवार्तावाट सफल हुनु भएको उम्मेदवारको सेवा सर्त मासिक तलव २४ हजार र प्रति घण्टा २०० को दरले हुन आउने रकम थप भत्ता पाउने गरी सेवा सुविधा प्रदान गर्ने निर्णय गरियो ।

५. छत्रकोट गाउँपालिकाको मिति २०८१ माघ २३ गते बसेको कर्मचारी बैठकले गरेको निर्णय अनुसार "छत्रकोट गाउँपालिकामा इन्धन, सवारी साधनको प्रयोग, मर्मत सुविधाको व्यवस्थित प्रयोगका लागि विधमान व्यवस्थाहरुको अध्ययन गर्न र प्रतिवेदन प्रदान गर्न गठित कार्यदलको प्रतिवेदन कार्यदल संयोजक श्री हरि टन्डनज्यूले प्रस्तुत गरी छलफल गरियो र उक्त मापदण्डलाई संघिय र प्रादेशिक कानुनसँग तादम्यता हुने गरी परिष्कृत गर्ने र नयाँ मापदण्डको रुपमा आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

६. ४३ औं राष्ट्रिय मगर एकता दिवशको अवसरमा यस छत्रकोट गाउँपालिका भित्र रहेका सम्पूर्ण कार्यालयहरु (गाउँ कार्यपालिकाको कार्यालय, शिक्षण संस्था, स्वास्थ्य संस्था र अन्य सार्वजनिक संघ संस्थाहरु) मा मिति २०८१ फाल्गुन १५ गते बिहिवार १ दिन सार्वजनिक विदा दिने निर्णय गरियो ।

७. छत्रकोट गाउँपालिकाको विभिन्न वजार वजार क्षेत्र र अन्य बस्तिहरुवाट सिर्जना हुने फोहोरमैला व्यवस्थापनको लागि सुरक्षित फोहोरमैला व्यवस्थापन क्षेत्र आवश्यक परेको र आ.व. २०८१/०८२ मा उक्त कार्यको लागि रु २ लाख समेत बजेट विनियोजन भएको हुँदा उक्त वजेट कार्यन्वयन समेत गर्ने गरी उपर्युक्त स्थान छनौट गरी सिफारिस गर्न देहाय अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

संयोजकः श्री पुस्कर खनाल (इन्जिनियर)
सदस्यः श्री कपिल घिमिरे (सव इन्जिनियर)
सदस्य सचिवः श्री श्रीधर अर्जेल (MIS Operator)

८. छत्रकोट गाउँपालिकाको वडा नं. ६ अन्तरगत रिडी खोलाको बहाव क्षेत्र चिसापानी वुछुन्दी दाङजा क्षेत्रमा रहेको नदिजन्य पदार्थ निकासीको लागि ठेक्का सूचना (CRM/Gul/M/SQ/03/081-082) प्रकाशन भएकोमा कुनैपनि वोलपत्र पेश नभएको हुँदा उक्त क्षेत्रमा रहेको नदिजन्य पदार्थ संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनले उल्लेख गरेको परिमाणमा नवढ्ने गरी, प्रदेश आर्थिक ऐनले तोकेको दररेटमा नगदी रसिदको आधारमा निकासी गर्नको लागि वडा नं. ६ कार्यालयलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

९. मदन भण्डारी राजमार्ग विस्तारको क्रममा श्री सरस्वती माध्यमिक विद्यालय,छत्रकोट-३ भेंडुवाको घेरावार भत्किएको हुँदा पुनःनिर्माण गर्नको लागि प्राविधिक स्टिमेट वमोजिम रु ९७,४०० को कार्य तत्काल सम्झौता गरि अगाडि वढाउने निर्णय गरियो। साथै उक्त रकमको स्रोत सुनिश्चितताको लागि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

CamScanner